# वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीप परीक्षण सम्बन्धी कार्यविधि, २०८१

वैदेशिक रोजगारीमा रहदा प्राप्त गरेको सीप, ज्ञान र अनुभवलाई अभिलेखीकरण गरी देशमै रोजगारीका अवसर सिर्जना हुनजाने हुँदा, वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीप परीक्षण सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकाले लुम्बिनी प्रदेश सरकार, सुशासन नियमावली, २०७७ को नियम ९ बमोजिम उद्योग, पर्यटन तथा सहकारी मन्त्रालयबाट **वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिहरुको सीप परीक्षण सम्बन्धी कार्यविधि, २०८१** स्वीकृत गरी लागु गरिएको छ।

**१) संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिहरुको सीप परीक्षण सम्बन्धी कार्यविधि, २०८१** रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(३) यो कार्यविधि लुम्बिनी प्रदेश, उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय अन्तर्गतका निकायहरुमा लागू हुनेछ।

**२) परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यालय" भन्नाले लुम्बिनी प्रदेश सरकार मातहतको घरेलु तथा साना उद्योग कार्यालय सम्झनुपर्दछ।

(ख) "छनौट तथा सिफारिस समिति" भन्नाले दफा ७ बमोजिमको समिति सम्झनुपर्दछ।

(ग) "विदेशबाट फर्केका" भन्नाले वैदेशिक रोजगारीको सिलसिलामा श्रम स्वीकृति लिई वा अन्य तवरबाट विदेशमा काम गरी देशमा फर्केका व्यक्तिहरुलाई सम्झनुपर्दछ।

(घ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशलाई सम्झनुपर्छ।

(ङ) "सीप" भन्नाले विदेशमा रहँदा बस्दा र काम गर्दा सिकेको सीप, ज्ञान तथा अनुभव समेत सम्झनुपर्दछ।

**(३) सीप परीक्षण सम्बन्धी व्यवस्थाः** (१) वैदेशिक रोजगारीका क्रममा सिकेको सीपलाई स्वदेशमा फर्किएपछि उपयोग गरी उद्यमशील र स्वावलम्वी बन्न चाहने व्यक्तिका लागि प्रदेश सरकारबाट राष्ट्रिय सीप परीक्षण बोर्डमार्फत सीप परीक्षण गरी प्रमाणपत्र दिने व्यवस्था गरिनेछ।

(२) उपदफा १ बमोजिमको प्रयोजनका लागि उम्मेद्वारले अनुसूची १ बमोजिम दरखास्त दिनुपर्नेछ।

(३) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीप परीक्षण गर्दा नेपाल सीप परीक्षण बोर्डबाट प्रतिव्यक्ति लाग्ने खर्चको लागतका आधारमा कार्यालयबाट कूल लागतको ८० प्रतिशत र सम्बन्धित व्यक्तिले २० प्रतिशत खर्च व्यहोर्नेगरी सीप परीक्षाको व्वस्था मिलाइनेछ।

(४) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुसँग एक वा एकभन्दा बहुसीप भए सोसमेत परीक्षण गर्न चाहेमा प्रत्येक सीपका लागि राष्ट्रिय सीप परीक्षण बोर्डको प्रचलित दस्तुर लाग्नेछ।

४) **सीप परीक्षणको लागि पेश गर्नुपर्ने कागजातः**

(क) नेपालको नागरिकता प्रमाणपत्रको छायाँकपी -१थान,

(ख) विदेशमा रहँदा हासिल गरेको सीप सम्बन्धी भएका प्रमाणपत्र सो नभएमा आफूसँग भएको सीपको स्वघोषणा -१ थान,

(ग) सीप परीक्षणमा लाग्ने यस कार्यविधि अनुसार लाग्ने शुल्कमा साझेदारी गर्न इच्छुक रहेको घोषणा,

(घ) राहदानी प्रमाणपत्रको छायाँकपी -१ थान,

मा. खड्ग बस्नेत
मन्त्री

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

(ङ) विदेशमा उक्त सीप सम्बन्धी कार्य गरेको अनुभव खुल्ने कागजात।

(च) ३ प्रति पासपोर्ट साइजको फोटो र १ प्रति अटो साइजको फोटो।

**५) सीप परीक्षण हुने क्षेत्रः** बैदेशिक रोजगारीमा रहँदा देहायको क्षेत्रमा कार्य अनुभव भएको व्यक्तिले आफूसँग भएको सीप यस कार्यविधिले तोकेका शर्तको अधीनमा रही परीक्षण गर्न सक्नेछन्।

(क) सुरक्षा सेवा क्षेत्र,

(ख) सहजकारी सेवाः सबै प्रकारका सरसफाई, फोहर व्यवस्थापन, बगैचा व्यवस्थापन, कृषि तथा कृषिजन्य उद्योग, होटल क्षेत्र, क्याटरिङ सेवा, सेल्स तथा सप्लाई सेवा, पर्यटन सेवा, व्यवसाय र उर्जा क्षेत्र।

(ग) व्यवसाय सहयोग सेवा क्षेत्र अन्तर्गतका चालक र परिचालक, सामानको भण्डारण मर्मत सम्भार, प्राविधिक तथा परामर्श, प्लम्बर, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी लगायत निर्माण कार्यमा सग्लन कार्य, विभिन्न मेशिन सञ्चालन तथा अपरेटिङ सेवा लगायत विभिन्न प्रकारका उद्योग सञ्चालन।

**६) कार्यालयले सूचना प्रकाशन गर्नुपर्नेः** कार्यालयले सीप परीक्षणका लागि इच्छुक बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको विभिन्न सीप, क्षमता र दक्षताको परीक्षण गर्ने प्रयोजनका लागि १५ दिनको म्याद दिई निवेदन मागको सूचना प्रकाशन गर्नेछ। विषयको विज्ञताको उपयोग गर्ने प्रयोजनका लागि निवेदन माग गर्न देहायका विषय उल्लेख गरी कम्तिमा १५ दिनको म्याद दिई राष्ट्रिय पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

क) निवेदन दिने स्थान र निवेदनको समयसीमा,

ख) सीप परीक्षणमा छनौट भएपश्चात बुझाउनुपर्ने शुल्क र शुल्क बुझाउने तरिका,

ग) सीप परीक्षण हुने क्षेत्र,

घ) सीप परीक्षणका लागि पेश गर्नुपर्ने कागजात,

**७) उम्मेद्वार छनौट समितिः** (१) बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीप परीक्षण गर्ने प्रयोजनका लागि देहाय बमोजिमको उम्मेद्वार छनौट समिति रहनेछ।

| | |
|---|---|
| क) कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत, घरेलु तथा साना उद्योग कार्यालय | - अध्यक्ष |
| ख) लेखा प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय | - सदस्य |
| ग) जिल्ला समन्वय समितिको अधिकृत प्रतिनिधि | - सदस्य |
| घ) कोष तथा लेखा नियन्त्रक कार्यालयको अधिकृत प्रतिनिधि | - सदस्य |
| (ङ) योजना शाखा प्रमुख, घरेलु तथा साना उद्योग कार्यालय | - सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) समितिको अध्यक्षको परामर्शमा सदस्य-सचिवले बैठकमा आवश्यकता अनुसार विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीप परीक्षण गर्ने प्रयोजनका लागि पेश भएका दरखास्त रीतपूर्वक भए/नभएको जाँच गर्ने।

(ख) विषयगत रुपमा वर्गीकरण (क्लष्टरिङ) गरी सीप परीक्षणका लागि सिफारिस गर्ने।

(ग) सीप परीक्षणको लागि आवेदकहरुको नामावली प्रकाशन गर्ने।

मा. खड्ग बस्नेत
मन्त्री

(५) निवेदन दिनसक्ने वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुले सीप परीक्षण गर्ने प्रयोजनका लागि पेश गरेको निवेदन दफा ६ बमोजिमको छनौट समितिले गरेको निर्णयउपर चित्त नबुझेमा उम्मेदवारले मन्त्रालयसमक्ष निवेदन दिन सक्नेछ।

(६) उपदफा ५ बमोजिम निवेदन पेश हुन आएमा मन्त्रालयले ७ (सात) दिनभित्र निर्णय गर्नुपर्नेछ।

**८) उम्मेद्वार छनौटको प्राथमिकता:**

(१) वार्षिक विनियोजित बजेट सीमा,

(२) निवेदकले विदेशमा काम वा तालिम लिएको अवधि,

(३) निवेदकले विदेशमा प्राप्त गरेको ज्ञान/सीपको स्वदेशमा उपयोग भएको अवस्था,

(४) निवेदकले प्राप्त गरेको ज्ञान वा सीपको स्थानीयस्तरमा हुनसक्ने उपयोग वा सिर्जना गर्नेसक्ने रोजगारीको अवस्था मूल्याङ्कन,

(५) समितिले निर्धारण गरेको अन्य प्राथमिकताक्रम।

**(९) प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछ।

**१०) बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**मा. खड्ग बस्नेत**
**मन्त्री**

लुम्बिनी प्रदेश सरकार
वन, पर्यटन तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

अनुसूची -१

(दफा २ को उपदफा (३) सँग सम्बन्धित)

आवेदन-पत्रको ढाँचा

उम्मेदवारको फोटो

श्रीमान् कार्यालय प्रमुखज्यू,
घरेलु तथा साना उद्योग कार्यालय
...................... जिल्ला, लुम्बिनी प्रदेश।

## विषयः सीप परीक्षण सम्बन्धमा।

महोदय,

म बैदेशिक रोजगारीबाट फर्केको व्यक्ति हुँ। म ................... देशमा रहँदा ....................... क्षेत्रमा कार्य गरेको ........वर्षको अनुभव छ। विदेशमा रहँदा मैले आर्जन गरेको सीपलाई सीप परीक्षण गरी प्रमाण पत्र प्राप्त गरेको खण्डमा देशमै उक्त सीप प्रयोग गरी उद्यमी बन्न इच्छुक छु। बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीप परीक्षण सम्बन्धी कार्यविधि, २०८१ ले व्यवस्था गरेका सबै कागजात संग्लन गरी आवेदन दिएको छु। उक्त कार्यविधिले तोकेका शर्त पालन गर्न मञ्जुरी छु। उल्लेख गरिएको व्यहोरा ठीक साँचो हो झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

| क्र.सं. | सीपको नाम | अनुभव अवधि | सीपको आधारमा हुने कार्य | कैफियत (बहुसीप भए उल्लेख गर्ने) |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

संलग्न काजजातहरुः

१)

२)

३)

४)

५)

निवेदकको

नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नः

मोबाइल नः

इमेलः

मितिः

मा. खड्ग बस्नेत
मन्त्री

लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

अनुसुची -२

(दफा ७ को उपदफा (७) सँग सम्बन्धित)

**राष्ट्रिय सीप परीक्षण बोर्डलाई गरिने सिफारिस ढाँचा**

मितिः

श्री राष्ट्रिय सीप परीक्षण समिति,
सानोठिमी, भक्तपुर।

**विषयः सीप परीक्षणका लागि सिफारिस गरी पठाइएको सम्बन्धमा।**

यस कार्यालयको लागि आ.व.........................मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको सीप परीक्षण सम्बन्धी कार्यविधि, २०८१ को अधीनमा रही वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीप परीक्षण कार्यक्रम सञ्चालनका लागि मिति...............................मा १५ दिने सूचना प्रकाशन गरिएकोमा प्राप्त आवेदन थान.................मा ऐ. कार्यविधिको दफा ७ बमोजिमको छनौट समितिले छनौट गरेका तपसिल बमोजिमका व्यक्तिहरुको तह अनुसारको सीप परीक्षण गराई दिनुहुन सिफारिससाथ अनुरोध छ।

तपसिलः

| क्र.सं. | उम्मेद्वारको नाम, थर | उम्मेद्वारको ठेगाना | सीपको विषय | सीपको अनुभव | सीप परीक्षण तह |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |

पुनश्चः सीप परीक्षणमा सहभागी हुने उपरोक्त बमोजिमका उम्मेद्वारहरुको सीप परीक्षण बापतको प्रचलित दस्तुर यस कार्यालयबाट सोझै भुक्तानी गरिने व्यहोरा समेत अनुरोध छ।

......................
कार्यालय प्रमुख

मा. खड्ग बस्नेत
मन्त्री